## अन्तर्वार्ता

# रेडियो तालिमको गुणस्तरमा ध्यान दिन जरुरी (गोपाल गुरागाईं र तुला अधिकारीसँग अन्तर्वार्ता)

देवराज हुमागाईं

रेडियो नेपालको औपचारिक स्थापना भएको २० चैत २००७ लाई नेपालमा रेडियो पत्रकारिताको शुरूआत मान्ने हो भने यसको अभ्यास हुन थालेको साढे ६ दशक नाघिसकेको छ । वि.सं. २०५० को दशकको मध्यदेखि निजी क्षेत्रबाट एफएम रेडियो सञ्चालन भई यस क्षेत्रले व्यापकता पाएसँगै रेडियो पत्रकारितालाई आफ्नो कर्मथलो बनाउने पत्रकारको संख्या ह्वात्तै बढ्यो । शुरूआतको अवस्थामा एफएम रेडियोलाई आवश्यक पर्ने जनशक्ति आवश्यकता पूर्ति गर्न नेपाल प्रेस इन्स्टिच्यूट, मिडिया प्वाइन्ट, कम्युनिकेशन कर्नर, जमलेश्वर इन्स्टिच्यूट, एकेडेमी अफ अडियो/भिजुअल आर्टस् एण्ड साइन्स (आभास) आदि जस्ता संस्थाहरूले आधारभूत तहको रेडियो पत्रकारिता तथा उद्घोषण कलासम्बन्धी तालिम सञ्चालन गरी केही योगदान दिए । देशव्यापी रूपमा एफएम रेडियोको विस्तारसँगै आधारभूत तहका तालिम दिने संस्थाहरू च्याउ उम्रिएसरी जतातत्तै खुले र त्यस्ता तालिमको माग विस्तारै कम हुँदै गएपछि केही स्थापितबाहेक ती स्वतः बन्द हुँदै पनि गए । यद्यपि रेडियो पत्रकारितामै केन्द्रित भई यस क्षेत्रलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्ने तथा भएका जनशक्तिको सीप अभिवृद्धि गर्ने उद्देश्यले तालिम सञ्चालन गरिरहने संस्था न पहिले थिए न पछिल्ला दिनमा देखा परेका छन् । नेपालमा रेडियो पत्रकारिताको क्षेत्रमा काम गर्ने जनशक्ति पछिल्ला दिनमा कसरी उत्पादन भइरहेका छन्? विद्यमान जनशक्तिको सीप अभिवृद्धिका लागि के कस्ता अवसरहरू उपलब्ध छन्? भइरहेका तालिमको प्रकृति र गुणस्तर कुन किसिमको छ? यी लगायत रेडियो पत्रकारिता तालिमका विभिन्न पक्षबारे हामीकहाँ त्यति बहस भएको पाइँदैन । यसै परिप्रेक्ष्यमा लामो समयदेखि रेडियो क्षेत्रमा सक्रिय रही रेडियोको उच्च नेतृत्वमा पुगेका व्यक्तित्वहरू गोपाल गुरागाईं र तुला अधिकारीसँग वि.सं. २०७२ को अन्त्यतिर देवराज हुमागाईंद्वारा लिखित रूपमा गरिएको अन्तर्वार्ता यहाँ प्रस्तुत छ । अन्तर्वार्ताका प्रारम्भिक मस्यौदामाथि शेखर

*समाज अध्ययन* ११ : २०९–२२८, २०७३

पराजुलीद्वारा गरिएको टिप्पणी तथा थप जिज्ञासाहरूको सम्बोधनसहित यसलाई अन्तिम रूप दिइएको हो ।

**गोपाल गुरागाईं** कम्युनिकेसन कर्नरका कार्यकारी अध्यक्ष तथा उज्यालो ९० नेटवर्क र सप्तकोशी एफएमका प्रवर्द्धक हुन् । गुरागाईंले वि.सं. २०५३ मा रेडियो नेपालबाट प्रसारण हुने रेडियो म्यागजिन "*खोजखबर*" मार्फत रेडियो पत्रकारिता शुरू गरेका थिए । त्यसअघि *दृष्टि, प्रतिपक्ष, युगधारा, सागर* साप्ताहिक र *समाज*दैनिकमा आबद्ध रही छापा पत्रकारिताको अनुभव पनि सँगालेका थिए उनले । नेपालका कारागारमा महिला बन्दी र नेपालमा यातनाबारे गुरागाईंका अनुसन्धानात्मक कृतिहरू प्रकाशित छन् । उनको सह-लेखनमा *नेपालमा एफएम रेडियो : स्थिति र प्रवृत्ति* (२०६२) नामक अनुसन्धानमूलक पुस्तक पनि प्रकाशित छ । त्यसै गरी **तुला अधिकारी** नेपालगञ्जस्थित कृष्णसार एफएम ९४ मेगाहर्जका संस्थापक अध्यक्ष तथा कार्यकारी प्रमुख हुन् । उनी २०६३–२०६५ सालसम्म नेपालगञ्जस्थित बागेश्वरी एफएममा स्टेसन म्यानेजर तथा समाचार संयोजक थिए । वि.सं. २०५८ मा रेडियो सगरमाथाबाट प्रसारण हुने रेडियो म्यागजिन *शिक्षाको नालीबेली*बाट रेडियो पत्रकारिता शुरू गरेका अधिकारीसँग कम्युनिकेशन कर्नरमा रेडियो कार्यक्रम निर्माणका साथै २०५३–२०५८ सालसम्म करिब आधा दर्जन पत्रपत्रिकाहरूमा काम गरेको अनुभव पनि छ । २०६१ सालमा राष्ट्रिय शिक्षा पत्रकारिता पुरस्कार पाएका अधिकारीको सह-लेखनमा *मोफसलका पत्रकार* (२०६०) पुस्तक प्रकाशित छ । साथै *टेकोले धानेको घर* (२०६१) मा उहाँको एउटा लेख प्रकाशित छ ।

☞ *नेपालमा रेडियोमा काम गर्ने जनशक्ति कसरी उत्पादन भइरहेका छन्? कस्ता व्यक्तिहरू रेडियोमा प्रवेश गर्छन्?*

**गोपाल गुरागाईं :** रेडियोमै काम गर्ने जनशक्ति उत्पादन गर्ने भनेर कुनै व्यवस्थित विद्यालय, विश्वविद्यालय वा तालिम केन्द्र स्थापना र सञ्चालन भएको मलाई जानकारी छैन । केही विश्वविद्यालय तथा कलेजहरूले र केही तालिम दिने संस्थाले चलाएका पत्रकारिता कक्षामा सामेल भएको जनशक्ति पनि छापा, टीभी र अहिले अनलाइनलाई नै पुगेको देखिँदैन । हो, केही रेडियो स्टेसनले यसरी तालिम पाएका वा पत्रकारिता पढेको जनशक्ति राखेका छन्, तर रेडियोमा काम गरिरहेको अहिलेको ठूलो जनशक्ति रेडियोमा बोल्ने रहर पूरा गर्न मात्रै आएको हो कि जस्तो देखिन्छ । यो जनशक्तिका लागि रेडियो करियर फड्को मार्ने ठाउँ मात्रै हो । यसरी रहर पूरा गर्न आउनेमध्ये थोरै मात्रै पत्रकारितामा आकर्षित भएका छन् । उनीहरूमध्ये केहीले पत्रकारितामा पर्याप्त चासो दिएर तालिम तथा अध्ययन थालेको पनि

पाइन्छ । तर यसरी पहिले रेडियोमा प्रवेश गरेर पत्रकारिता अघि बढाउने मानिस अति थोरै भेटिन्छन् । उनीहरूको संख्या यति कम छ कि एक प्रतिशत पनि पुग्न मुस्किल छ ।

**तुला अधिकारी**ः मेरो विचारमा नेपालमा दुई तरिकाले रेडियोमा काम गर्ने जनशक्ति उत्पादन भइरहेका छन् । पहिलो, पढेर र दोस्रो, परेर । पत्रकारिता विषय पढेर रेडियोमा काम गर्ने रुचिसहित आउने जनशक्ति थोरै भए पनि ती सापेक्षतः दक्ष छन् दिगो समयसम्म टिक्छन् । रहरले वा कसैको प्रेरणाले सिकारु भएर सीधै आउने वा सानातिना उद्घोषण तथा कार्यक्रम उत्पादनसम्बन्धी तालिम लिएर आउनेको संख्या ठूलो छ । तर, यसरी आउनेमध्ये पलायन भएर जानेको संख्या पनि उत्तिकै छ । रेडियोमै टिकेकाहरू चाहिँ अब्बल हुन्छन् । यस्तालाई मैले परेर आउने जनशक्ति भनेको हुँ । नेपालगञ्जको सन्दर्भमा चाहिँ मुख्य तीन तरिकाबाट रेडियोमा काम गर्ने जनशक्ति उत्पादन भइरहेका छन् । पहिलो, रहरले सिकारु भएर सीधै रेडियोमा प्रवेश गर्नेहरू । दोस्रोमा स्थानीय रूपमा हुने आधारभूत तालिम लिएर आउनेहरू । र, तेस्रो, पत्रकारिता विषय अध्ययन सँगसँगै तालिम लिएर आउने पनि छन् । कहिलेकाहीँ कुनै संघसंस्थाले उत्पादन गर्ने रेडियो कार्यक्रममा संलग्न हुँदाहुँदै यसैमा स्थापित हुने पनि छन् । रेडियोमा युवाहरूको आकर्षण छ । धेरैजसो क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू नै हुन्छन् ।

☞ *वि.सं. २०६० को दशकमा उच्च शिक्षामा पत्रकारिता तथा आमसञ्चारको अध्यापन निकै विस्तार भएको पाइयो । यसले दक्ष रेडियो पत्रकारको आपूर्तिमा के कस्तो भूमिका खेलेको छ? पत्रकारितामा उच्च शिक्षा हासिल गरिसकेका पत्रकारलाई तालिम कत्तिको जरुरी देख्नुहुन्छ?*

**गुरागाईं** : उच्च शिक्षामा पत्रकारिता तथा आमसञ्चारको पठनपाठन विस्तार भए पनि यसको प्रतिफल रेडियो स्टेसनले कमै मात्र पाएका छन् । कारण दुइटा छन् । पहिलो, दक्ष जनशक्तिका लागि रेडियो बाहिरै धेरै अवसर छन् । त्यस्तो दक्षता भएका मानिस रेडियोप्रति कमै आकर्षित छन् । दोस्रो, उच्च शिक्षा अध्ययन गरेर आएका मध्येबाट पनि रेडियो स्टेसनले पत्रकारिता र रेडियोमा चाहिने प्राविधिक सीप भएको दक्ष जनशक्ति पाउँदैनन् । रेडियोलाई चाहिने पत्रकारिता,कार्यक्रम निर्माण र प्राविधिक विषयको सैद्धान्तिक ज्ञान पाए पनि उनीहरूसित सीप कम हुने भएकाले तालिमको जरुरत उच्च शिक्षा हासिल गरेका पत्रकारलाई पनि त्यत्तिकै छ । जब पत्रकारिता पढेका र नपढेका मानिसबीच छनोट गर्नुपर्ने बेला आउँछ, स्तरीय कार्यक्रम र समाचार चाहने रेडियोले आधारभूत पढाइ भएको जनशक्ति छान्दछन् भने कमजोर आम्दानी र स्पष्ट योजना नभएका स्टेसनले रहर गर्ने मानिसको छनोट गरेको जस्तो देखिन्छ ।

**अधिकारी :** पत्रकारिताको अध्यापन विस्तार हुन थालेपछि रेडियोमा पत्रकार आपूर्तिमा मद्दत मिलेको छ केही मात्रामा । जस्तो, नेपालगञ्जमा पहिलोपल्ट २०६३ सालमा मैंरै पहलमा यहाँको आदर्श उच्च माविमा पत्रकारिता विषय पढाउन शुरू गरियो । मैले पढाएका केही विद्यार्थीले अहिले राजधानीमा स्नातकोत्तर तहको पढाइ सकिसकेका छन् भने केही स्थानीय क्षेत्रका विभिन्न सञ्चारमाध्यममा काम गरिरहेका छन् ।

मेरो विचारमा प्राज्ञिक अध्ययन र तालिम फरक कुरा हुन् । प्राज्ञिक अध्ययनले सैद्धान्तिक ज्ञान दिन्छ भने तालिमले व्यावहारिक ज्ञान दिन्छ । म आफै पनि पत्रकारिताको विद्यार्थी हुँ । पत्रकारिता अध्ययन शुरू गर्नुअघि नै म पत्रकारितामा प्रवेश गरिसकेको थिएँ । त्यसैले होला अध्ययन सँगसँगै पत्रकारिता गरिरहँदा अभ्यास नगरेका साथीहरूभन्दा मलाई अलि बढी आत्मविश्वास महसुस हुन्थ्यो । त्यसैले मलाई लाग्छ, पत्रकारिता विषयको अध्ययनलाई निखार्न तालिम वा अभ्यास जरुरी छ । प्राज्ञिक अध्ययन भयो भने सुनमा सुगन्ध हुन्छ । पढेर पर्याप्त सैद्धान्तिक ज्ञान हासिल गरेको जनशक्तिबाट संवेदनशील अवस्थामा पत्रकारिता चुक्दैन जस्तो मलाई लाग्छ ।

☞ *वर्तमान अवस्थामा रेडियो पत्रकारलाई लक्षित गरी तालिम दिने प्रमुख संस्थाहरू कुन कुन हुन्? तिनका प्राथमिकता र पाठ्यक्रममा कत्तिको विविधता पाउन सकिन्छ? पाठ्यक्रमको गुणस्तर कस्तो पाउनुहुन्छ?*

**गुरागाईं :** रेडियो पत्रकारलाई नै तालिम दिने भनी खोलिएका संस्था नभए पनि समग्रमा पत्रकारितासम्बन्धी तालिम दिने नेपाल प्रेस इन्स्टिच्यूट, मिडिया प्वाइन्ट जस्ता संस्थाले दिने तालिममा रेडियोलाई पनि विषय बनाएर तालिम दिएको पाइन्छ । कसैले रेडियोलाई नै प्राथमिकता दिएर वा रेडियोकै लागि विशेष पाठ्यक्रम बनाएर छोटो अवधिका तालिम दिएका भए पनि रेडियो तालिम सैद्धान्तिक मात्र छ । सीप सिकाउने तालिम कतै छ जस्तो मलाई लाग्दैन । यसबारे मैले थाहा नपाएको पनि हुनसक्छ । तालिमपछि रेडियोमा आउने जनशक्तिको ज्ञान र सीप हेर्दा या त पाठ्यक्रम नै स्तरीय छैन, या त प्रशिक्षकले रेडियोसम्बन्धी सीप सिकाउँदैनन् वा प्रशिक्षार्थीले सिक्दैनन् । कहीँ न कहीँ कमजोरी छ, तर कसैले पनि आफूतिर फर्केर हेर्ने र समीक्षा गर्ने कोसिस गरेका छैनन् । किनभने, यसरी तालिमबाट आउने मानिसले मुख बिगारेर, भाषा बिगारेर बोलेको सुनिन्छ । अनि रेडियोका विभिन्न फर्म्याट, आवाज तथा स्क्रिप्टका बारेमा पनि उनीहरूलाई आधारभूत कुरा थाहा छ भन्ने देखिँदैन, अथवा थाहा भए पनि उनीहरू त्यो ज्ञान प्रयोग गर्न चाहँदैनन् ।

**अधिकारी :** रेडियो पत्रकारहरूलाई लक्षित गरी उनीहरूको आवश्यकता पहिचान गरी तालिम दिने व्यावसायिक संस्था त अहिले छैनन् । स-साना निजी तालिम केन्द्रहरू होलान्, तर त्यस विषयमा म अहिले प्रवेश गर्दिनँ । रत्नराज्यलक्ष्मी क्याम्पसमा रेडियो विषयमा प्रयोगात्मक र सैद्धान्तिक दुवै अध्यापन हुन्छ । प्रयोगात्मक अभ्यासका लागि टीयु एफएम पनि सञ्चालनमा छ । मैले २०६१ सालमा स्नातकोत्तर अध्ययन गर्दासम्म त्यहाँ त्यस्तो मौका थिएन । तर, परियोजनाका आधारमा त धेरै संस्थाले रेडियो पत्रकारिताको तालिम दिन्छन् । जस्तै, सामुदायिक रेडियो प्रसारक संघ, कम्युनिकेशन कर्नर, एन्टेना फाउण्डेसन नेपाल, इक्वल एक्सेस, नेपाल वातावरण पत्रकार समूह, बीबीसी मिडिया एक्सनलगायत विभिन्न संस्थाहरूले परियोजनाकेन्द्रित रेडियो पत्रकार लक्षित तालिम दिन्छन् । खास गरी यस्ता संस्थाहरूले आफ्ना परियोजनामा रेडियो कार्यक्रम समावेश गर्छन् र त्यसमार्फत क्षमता विकासका लागि तालिम प्रदान गर्छन् । यस्ता तालिम त पटकपटक विभिन्न संस्थाले गरिरहेका हुन्छन् । तिनले विषयगत ज्ञान दिने, गुणस्तरीय कार्यक्रम उत्पादन सीप सिकाउने, लैंगिक, जातीय, उमेरलगायत विभिन्न खालका समावेशी आवाज समेट्न सचेत बनाउने जस्ता क्षमता विकासमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । तर, यस्ता तालिमहरू आवश्यकता पहिचानका आधारमा भन्दा पनि परियोजनाको विषयका आधारमा हुने भएकाले तालिममा भएको लगानी अनुसारको लाभ उठाउन रेडियोकर्मीहरूले सकेको देखिँदैन ।

तालिमको प्राथमिकता परियोजनाको उद्देश्यकेन्द्रित हुनु स्वाभाविकै हो भने पाठ्यक्रमको विविधता पनि परियोजनाकै सेरोफेरोमा हुने भयो । यसैले यस्ता तालिमको महत्त्व धेरै नै भए पनि रेडियोकर्मीहरूले सिक्न चाहेको विषयमा तालिम अभाव छ । पाठ्यक्रमको गुणस्तर सामान्यतया प्रशिक्षकको दक्षतामा भरपर्छ । दक्ष र मिहिनेती प्रशिक्षकले गुणस्तरीय पाठ्यक्रम तयार पारेका हुन्छन् भने कतिपयले अवधि कटाउने शैलीमा पनि तालिम सञ्चालन गरेका छन् ।

☞ *नेपालमा रेडियो पत्रकारको आवश्यकतालाई तालिम दिने संस्थाहरूले ठम्याउन सकेका छन् कि छैनन्? पत्रकारिता तालिमको माग र आपूर्तिमा गुणात्मक र संख्यात्मक तालमेलको अवस्था कस्तो छ? एउटा रेडियो स्टेसनले तालिमका पाठ्यक्रमलाई स्तरीय र माग अनुकूल बनाउन कस्तो भूमिका खेल्न सक्छ? तपाईंको रेडियोले यसतर्फ के पहल गरेको छ?*

**गुरागाईं :** तालिम दिने संस्थाले रेडियोको आवश्यकतालाई ठम्याएका छन् कि छैनन् भन्दा पनि मलाई चाहिँ उनीहरू अलमलमा परे जस्तो लाग्छ । रेडियो स्टेसनले दक्ष जनशक्तिलाई टिकाउन सक्छन् भन्ने विश्वास नलागेर पनि यस्तो भएको हुनसक्छ । माग र आपूर्तिको सन्दर्भमा आपूर्ति कम छ र माग धेरै छ । तालिम दिने संस्था र रेडियो स्टेसनबीच छलफल,

संवाद र अन्तर्क्रिया हुने हो भने, पाठ्यक्रम स्तरीय र मागअनुकूल बनाउन सकिन्छ भन्ने मलाई लाग्छ । तर, यो दिशामा कुनै काम भएको मलाई थाहा छैन ।

**अधिकारी** : रेडियो पत्रकारहरूलाई नै तालिम दिन भनी व्यावसायिक किसिमले तालिम दिने संस्था खुलेको अवस्थामा मात्र यस्तो खालको प्रश्नको जवाफ पाइएला । नियमित जसो पत्रकारिता तालिम चलाउने नेपाल प्रेस इन्स्टिच्यूट तथा रेडियो कार्यक्रम उत्पादनका अतिरिक्त बेलाबेलामा रेडियो पत्रकारलाई तालिम पनि दिँदैआएका एन्टेना फाउन्डेसन, इक्वेल एक्सेसजस्ता संस्थाले पनि कस्ता तालिम आवश्यक छन् भन्ने विषयमा सर्वेक्षण वा रेडियोहरूसँग औपचारिक छलफल गरेको पाइएको छैन । पछिल्लो समयमा चाहिँ रेडियोहरूको तालिमको आवश्यकता पहिचानबारे सामुदायिक रेडियो प्रसारक संघ र बीबीसी मिडिया एक्सनले नेपालका सामुदायिक रेडियोहरूबीच कस्तो तालिम चाहिएको छ भन्ने विषयमा इमेलबाट सर्भे गरेर तालिम दिन शुरू गरेका छन् जसअन्तर्गत मागका आधारमा रेडियो व्यवस्थापन, बजारीकरण, प्राविधिक लगायतका तालिम सञ्चालन पनि भए ।

साधारणतया पत्रकारिता तालिमको माग र आपूर्तिमा तालमेल हुन सकेको छैन । गुणस्तरीय तालिमको माग धेरै छ । त्यसमाथि रेडियोको जनशक्ति व्यवस्थापन, वित्त व्यवस्थापन र बजारीकरणसम्बन्धी तालिमको खाँचो छ । तालिम सञ्चालन गर्ने संस्थाहरूले पुराना, अनुभवी र पत्रकारिताका विविध विषयमा ज्ञान भएका रेडियो सञ्चालक वा रेडियोकर्मीहरूबीच तालिमको आवश्यकता, विषयवस्तु र रेडियोकर्मीको स्तरका बारेमा पर्याप्त छलफल चलाएमा अवश्य पनि तालिमका पाठ्यक्रमलाई स्तरीय र माग अनुकूल बनाउन राम्रो सल्लाह दिन सक्छन् । र, यस्ता विषयमा ज्ञान भएका रेडियोकर्मीहरूले स्वतःस्फूर्त सल्लाह दिइरहेका पनि छन् । एउटा रेडियो सञ्चालकका नाताले हामीले आफ्नो आवश्यकता हेरेर त्यस्ता तालिममा मात्र सहभागिता जनाउने, तालिम दिने संस्थालाई औपचारिक अनौपचारिक हिसाबले कुन विषयका तालिम आवश्यक छन् भन्नेबारे जानकारी दिने र त्यस्ता तालिम आयोजना गर्न अनुरोध गरिरहेका छौँ ।

☞ *नेपालमा एफएम रेडियोको संख्या ६ सय नाघिसक्यो तर ती सबैका विषय वा प्रस्तुतिमा भने खासै नयाँपन पाउन सकिँदैन, राजनीतिक विषयवस्तुले नै अधिक स्थान पाएको छ र स्थानीय रेडियोहरू नेटवर्कका कार्यक्रममा बढी भर पर्छन् । के रेडियो पत्रकारका लागि विभिन्न विषय र ढाँचाका कार्यक्रम उत्पादन गर्न सघाउने तालिम उपलब्ध छैनन्? छन् भने किन त्यसको प्रभाव देख्न नसकिएको होला?*

**गुरागाईं** : रेडियोमा राजनीतिक विषयवस्तुले अधिक स्थान पाएको कुरा सम्पूर्ण सत्य हो जस्तो मलाई लाग्दैन, किनभने बिस्तारै विषयमा विविधता आउन थालेको देखिन्छ र राजनीतिभन्दा परका विषयमा पनि कार्यक्रम बन्न र प्रसारण हुन थालेका छन् । विभिन्न गैरसरकारी संस्था र रेडियोसम्बन्धी संस्थाले पत्रकारका लागि विभिन्न विषय र ढाँचाका तालिम त दिइरहेकै छन् । तर यस्ता तालिम धेरैजसो तालिमका लागि तालिम जस्ता भएका छन् भने तालिम लिएपछि पत्रकार वा सहभागीले पाएको सीपको उपयोग पनि पर्याप्त मात्रामा गर्न सकेका छैनन् । एकातिर त्यस्ता सीपको उपयोग गर्ने वातावरण रेडियो स्टेसनमा पनि छैन किनभने धेरै रेडियो स्टेसनमा न्युजरुमको आधारभूत संरचना छैन । रेडियो बुझेका सम्पादक र दक्ष निर्माता छैनन्, नयाँ काम गर्ने जोश र नयाँ पत्रकारलाई उत्प्रेरित गर्ने चलन पनि छैन । अर्कातिर उपयुक्त वातावरण रेडियोभित्र नहुँदा पत्रकार पनि यस्ता सीप प्रयोग गर्न उत्साही देखिँदैनन् ।

**अधिकारी** : हो, रेडियो स्टेसनको संख्या नेपालमा ६ सय नाघ्दा पनि अधिकांश रेडियोका विषयवस्तु र प्रस्तुति उस्तै छन् । नेटवर्कका सामग्रीमा धेरै रेडियो भर परिरहेका छन् र राजनीतिक विषयवस्तुले बढी स्थान पाउँछन् । यसका निम्न कारण छन् :

१. रेडियो किन र कसका लागि खोलिएको हो भन्ने विषयमा अधिकांश रेडियोका सञ्चालकहरू प्रस्ट नहुनु,
२. त्यस्ता सञ्चालकहरूले खोलेका रेडियोमा कार्यरत जनशक्तिमा रेडियोको प्राथमिकता र लक्षित वर्गबारे अन्योल हुनु,
३. दक्ष तथा व्यावसायिक नेतृत्वको अभाव हुनु,
४. रेडियोको स्थापना उत्साहका साथ भए पनि नियमित सञ्चालन गर्न व्यवस्थापकीय सीपको अभाव हुनु, आदि ।

यी विविध कारणले गर्दा धेरैजसो रेडियोका विषयवस्तु र प्रस्तुतिमा खास भिन्नता छैन । र, तैयारी चाउचाउको खाजा खानेबानी परेजस्तै धेरै रेडियोहरू नेटवर्कबाट प्राप्त हुने सामग्रीमा भर परेको देखिन्छ । यसो भन्दैमा सबै रेडियोलाई एउटै डालोमा हालेर हेर्नु उचित हुँदैन । जुन रेडियोका सञ्चालकहरू रेडियो स्थापनाको उद्देश्यमा प्रस्ट छन्, जहाँ व्यावसायिक नेतृत्व छ ती रेडियोहरूमा सामग्रीको विविधता छ । स्थानीय सामग्री तिनमा अधिक छन् । स्थानीय स्रोत परिचालन बढेको छ । क्षमता विकासमा ध्यान छ । नेटवर्कका सामग्रीमा निर्भरता घट्दै गएको छ । यसर्थ भन्न सकिन्छ कि धेरै रेडियोहरूलाई यी सवालमा तालिमको खाँचो छ ।

☞ *हामीकहाँ तालिमका नाउँमा एकै व्यक्तिले पटकपटक आधारभूत तहकै वा एक दुई दिने तालिम लिइरहेको पनि पाइन्छ । रेडियो पत्रकारका लागि एड्भान्स तहका लामा एवं खँदिला तालिमको आवश्यकता पूरा गर्न कसले कस्तो पहल गर्नुपर्ला? यसतर्फ तपाईं संम्बद्ध रेडियोले के कस्तो प्रयास गरेको छ? छैन भने किन?*

**गुरागाईं** : एड्भान्स तहका लामा तालिम शुरूआतका दिनमा हामीले पनि गऱ्यौँ । रेडियो सगरमाथा तथा खुल्न लागेका अन्य रेडियो स्टेसनहरूको तर्फबाट पनि यस्ता तालिमहरू भएका हुन् । ती तालिममा विषय छनोटदेखि प्रसारण पछिको फिडब्याक र श्रोताको सहभागिता कसरी गर्ने जस्ता विषयसमेत समेटिन्थे । तर यस्ता तालिम लिन र दिन आजकाल कसैलाई इच्छा र फुर्सद देखिँदैन । पहिले यस्ता तालिम पाएका मानिस रेडियोमा आजकाल धेरै कम छन् । राम्रो, स्तरीय र खँदिलो तालिम पाएका मानिसलाई टिकाउने वातावरण रेडियोले बनाए भने फेरि यस्ता तालिम होलान् । अहिले त आफ्नो रेडियोलाई चाहिने स्तरीय जनशक्ति रेडियो आफैले बनाउने हो आन्तरिक तालिम दिएर वा मेन्टरिङ गरेर । हामीले पनि आफ्नो जनशक्तिलाई आन्तरिक छलफल र निश्चित विषयमा अभिमुखीकरण, स्थलगत रूपमा गर्दै सिक्ने र सिकाउने मेन्टरिङ विधि अपनाएर प्रशिक्षित गरेका छौँ । साथै, हामीसित आबद्ध केही रेडियोका छानिएका जनशक्तिलाई कार्यशालासँगै उनीहरूलाई फिल्डमा सँगै काममा सामेल गरेर मेन्टरिङ पनि गरिरहेका छौँ । लामो र खँदिलो विशेष तालिम लिने र दिने वातावरण बन्दै गयो भने हामी निश्चय नै त्यतापट्टि पनि अग्रसर हुनेछौँ ।

**अधिकारी** : यो एकदमै सही हो । विभिन्न संस्थाले तालिम चलाएका चलायै छन् । रेडियोकर्मीहरू पनि सहभागी भएका भयै छन् । तर धेरैले उही तालिम दोहोऱ्याई तेहऱ्याई लिएका छन् । कार्यक्रम उत्पादकका लागि आयोजना गरिएको तालिममा प्राविधिज्ञ पनि पुगेका छन् । यो बिडम्बना पनि हामीले स्वीकार्नुपर्छ । रेडियोलाई खाँचो परेका धेरै विषयमा तालिम नहुने र सानो उत्पादन टीमबाट पटकपटक तालिममा पठाइरहनुपर्दा रेडियोको अरू काम प्रभावित हुने कारणले तालिमको महत्त्व बुझ्ने नेतृत्वले पनि जो अलि फुर्सदिलो छ त्यसैलाई पठाउने गर्दा व्यक्ति दोहोरिएका हुन सक्छन् । कतिपय रेडियोबाट चाहिँ "रिफ्रेसमेन्ट" को अवसरका रूपमा लिएर उही किसिमको तालिम भए पनि आफ्नो जनशक्ति आलोपालो गरेर सहभागी गराइने गरिन्छ जस्तो लाग्छ । कहिलेकाहीँ आयोजकले नै जसरी पनि सहभागी पठाइदिनुपऱ्यो भनेर कर गर्ने भएकाले पनि आफूलाई खासै आवश्यक नभएको तालिममा समेत जनशक्ति पठाइएका हुन सक्छन् । "रिफ्रेसमेन्ट" का हिसाबले हेर्दा त्यस्ता तालिम केही उपयोगी भएका पनि होलान् ।

रेडियोहरूलाई "एडभान्स" तहका र खँदिला तालिमको निकै आवश्यकता भएकोले यसका लागि सबै रेडियोहरूले पहल पनि गर्नुपर्छ । खास गरी प्रयोगात्मक अभ्यास सहितका अथवा क्षमता हस्तान्तरण गर्ने खालका तालिम रेडियोलाई आवश्यक छ । त्यसका लागि कृष्णसार एफएमबाट सामुदायिक रेडियो प्रसारक संघमा प्रतिनिधित्व गरिरहँदा मैले २०६६ सालदेखि नै सदस्य रेडियोहरूमा क्षमता हस्तान्तरणलाई प्रयोगात्मक र परिणाममुखी बनाउन निरन्तर पहल गरिरहेको छु । सामुदायिक सूचना नेटवर्क (सीआइएन) को जनशक्ति विकेन्द्रित गरेर विभिन्न रेडियोमा क्षमता हस्तान्तरण गर्न सकिने विकल्पसमेत मैले दिएको छु । त्यसै गरी देशभरका रेडियोहरूबाट प्रशिक्षक छनोटका लागि सार्वजनिक आह्वान गरी रोष्टर बनाएर तिनलाई परिचालन गर्न सकिने पनि सुझाएको छु ।

☞ *नियमित रेडियो पत्रकारिता तालिम दिने बलियो संरचना आवश्यक हुँदाहुँदै पनि निजीस्तरबाट त्यस्तो संरचना निर्माण गर्न वा त्यसलाई टेवा दिन नेपालका रेडियो स्टेसनहरूले दाता वा सरकारको मुख नताकी संयुक्त रूपमा आफै कुनै पहल गर्न सक्दैनन्? यसबारे रेडियोका प्रवर्द्धकहरूबीच कत्तिको छलफल हुने गर्छ? छलफल भएको छ भने त्यसको उपलब्धि के रह्यो? छैन भने किन?*

**गुरागाईं** : रेडियोलाई दीर्घजीवी बनाउन बलियो, व्यवस्थित तालिम दिने संस्था मात्र होइन अहिलेको आवश्यकता रेडियोको अनुगमन, श्रोता सर्वेक्षण तथा यस विषयमा गहिरो अध्ययन र अनुसन्धान पनि हो । निजी स्तरबाट यो गर्न नसकिने होइन । निजी क्षेत्रले यस्तो कामको पहल गर्नु राम्रो हो, गर्न सक्छन् पनि । तर वास्तविकता तपाईंले भनेजस्तै छ, कसैले पहल गरेको छैन । हो, सामान्य छलफलहरू भएका छन्, तर छलफल कर्ताहरूका पनि आ-आफ्नै स्वार्थ, सीमा र समस्या छन् । सबैका स्वार्थ, सीमा र समस्या एकनासका भए भने यसले मूर्त रूप पाउन सक्छ भन्ने मलाई लाग्छ । सबैभन्दा महत्त्वपूर्ण दुइटा कुरा छन् । एउटा, यस्तो संस्थाको मान्यता र विश्वसनियता, जुन निजी क्षेत्रबाट शुरू गरिएका संस्थाले पाउन सक्दैनन्, कमसेकम अहिलेसम्मको अनुभवले यो मुस्किल नै देखिन्छ । दोस्रो, गुणस्तर कायम गर्दै यस्को दिगो सञ्चालनका लागि साधन र स्रोतको परिचालन गर्न पनि सजिलो छैन । त्यसैले, यस्तो काम सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा गर्‍यो भने मात्र भरपर्दो र दिगो हुनसक्छ ।

**अधिकारी** : प्रसारण प्राधिकरण वा आमसञ्चार प्रशिक्षण प्रतिष्ठान वा अरू यस्तै स्थायी संरचनाको आवश्यकता छ । यसका लागि हामी रेडियोहरू आफै अग्रसर भई संयुक्त रूपमा पहल गर्नुपर्ने हो । त्यसमा हामी चुकिरहेका छौं । रेडियोका अगुवाहरू कोही यसैलाई

पेशा बनाएका, कोही यसलाई देखाउने दाँत मात्र बनाएका अनि कोही प्राज्ञिक अध्ययन पनि मिडियाकै विषयमा गरेका र कोही गर्दै सिक्दै गरेकाहरू भएका कारण सबै रेडियो प्रवर्द्धकहरूको बुझाइको स्तर समान नहुँदा साझा र सक्रिय पहल हुन सकिरहेको छैन । यसमा अनौपचारिक छलफलहरू प्रशस्त हुने गरेका छन् । तर, परिणाममुखी पहल हुन भने सकेको छैन । यसो हुनुमा हामी सबैको बुझाइ, आवश्यकताको प्राथमिकता वा गम्भीरताको अभाव मुख्य कारक हो । खास गरी आफ्ना लागि आफै लगानी गर्न सक्ने आर्थिक हैसियत सबैको नहुनु वा इच्छाशक्ति नहुनु पनि अर्को कारण हो । छाता संस्था वा दाताहरूले गर्दिहाल्छन् वा गर्दिनुपर्छ भन्ने धारणा भएका रेडियोहरूको तुलनामा हामी आफैले केही गर्नुपर्छ वा आफै पनि गर्न सकिन्छ भन्ने धारणा भएका रेडियो सञ्चालकहरू कम छन् ।

☞ *केन्द्रमा स्थापित रेडियोहरू वा अन्य केही कार्यक्रम उत्पादन गृहहरूले स्तरीय कार्यक्रम उत्पादन गरी काठमाडौँ बाहिरका रेडियो स्टेसनहरूमार्फत प्रसारण गरिरहेका छन् । जनशक्तिको क्षमता अभिवृद्धिको दृष्टिकोणले यसबाट त्यहाँका रेडियोमा काम गर्ने पत्रकारले के लाभ लिन सकेका छन्? छैनन् भने किन?*

**गुरागाईं :** हो, हामी आफूले उत्पादन गरेका कार्यक्रम उपत्यका बाहिरका रेडियो स्टेसनबाट पनि प्रसारण गर्छौं । तर हामी यतिमा मात्र सीमित छैनौँ । बाहिरका रेडियो स्टेसनसँग मिलेर उत्पादन गरेर उज्यालो एफएमबाट प्रसारण पनि गर्छौं र बाहिरका रेडियोले उत्पादन गरेका समाचार पनि प्रसारण गर्छौं । बाहिरका रेडियोसँग साझा रूपमा उत्पादन भइरहेका कार्यक्रमहरूका लागि तिनै रेडियोमा काम गर्ने पत्रकारहरूलाई कार्यक्रम डिजाइन र निर्माणसम्बन्धी तालिम दिने, संयोजन गर्ने तथा त्यसै सिलसिलामा पर्याप्त मेन्टरिङ गर्ने काम पनि भइरहेको छ । ती स्टेसनको व्यवस्थापनसित पनि उनीहरूको क्षमता अभिवृद्धिका लागि कामहरू भइरहेका छन् । अनि हामीले प्रसारण गर्ने समाचार उत्पादन गर्ने रेडियो स्टेसनहरूसित समाचारको गुणस्तर कायम गर्ने विषयमा बेला बेला छलफल पनि हुन्छ । यस्ता संवाद, छलफल र तालिमले स्थानीय रेडियोमा काम गर्ने जनशक्तिको सीप तिखार्न र स्थानीय तहमा उज्यालो र स्थानीय रेडियोका श्रोताको दायरा फराकिलो पार्न मद्दत गरेको छ भन्ने मलाई लाग्छ । तालिम, मेन्टरिङ तथा नियमित छलफलले स्थानीय रेडियो र ती रेडियोमा काम गर्ने पत्रकारको सीप बढेको छ भन्ने कुरा अनुगमनमा पनि पर्याप्त देखिएको छ ।

**अधिकारी** : केन्द्रका रेडियो वा उत्पादनगृहले राम्रा कार्यक्रम उत्पादन गर्छन् । उत्पादन लागत पनि केन्द्रमा धेरै छ । काठमाडौँ र बाहिरका अरू रेडियोले त्यसको प्रसारण गर्छन् । कार्यक्रम प्रसारण गर्ने स्टेसनका रेडियोकर्मीले त्यसलाई सुनेर त्यस्तै गर्ने प्रेरणा लिन्छन्

भने राम्रै हो । नत्र कार्यक्रम प्रसारण गर्दैमा रेडियोकर्मीले लाभ लिन सक्छन् जस्तो मलाई लाग्दैन । कृष्णसार एफएमले पनि बाहिर उत्पादन भई प्रसारण मात्र हुने कार्यक्रमबाट आर्थिकबाहेक खासै अरू लाभ लिन सकेको छैन । तर, विस्तारै बाहिरका रेडियोहरूले स्वयं राम्रो कार्यक्रम उत्पादन गर्न थालेका छन् । काठमाडौँबाहिर पनि राम्रा रेडियोकर्मी छन् । तिनले उत्पादन गरेका राम्रा कार्यक्रम अरू धेरै रेडियोहरूले पनि प्रसारण गर्न थालेका छन् । क्षेत्रीय रूपमा सामग्री आदानप्रदान हुन थालेको छ ।

☞ *एक जना नयाँ पत्रकार रेडियोको समाचार कक्षमा प्रवेश गरेपछि थप दक्षता हासिल गर्न त्यहाँभित्र उसका लागि सिकाइको कस्ता कस्ता अवसर उपलब्ध हुन्छन्? यसका लागि सम्बन्धित रेडियो स्टेसनले कस्तो पहलकदमी लिने गरेको छ? समाचार कक्षभित्र नयाँ पत्रकारहरूलाई सिकाउने प्रक्रिया के छ?*

**गुरागाईं :** हाम्रोमा हरेक बिहान सम्पादकीय बैठक हुन्छ । समाचारका विषयमा छलफल हुन्छ । स्टोरी आइडिया, एंगल र त्यसका सबै पाटाबारे छलफल हुन्छ र काम शुरू हुन्छ । योबाहेक आवश्यकताअनुसार, बेला बेलामा हामी अरू मिडियामा काम गरिरहेका साथीलाई बोलाएर सीप सिकाउने काम गर्छौं । कहिलेकाहीँ विशेष विषयका कार्यक्रमहरू शुरू गर्नुअघि ती विषयमा आवश्यकताअनुसार छलफल र अन्तर्क्रियाहरू आयोजना गर्छौं, जसबाट पत्रकारले त्यो विषयसँग सम्बन्धित ज्ञान पाउँछन् । उदाहरणका लागि भूकम्प पछिको उत्तरदायित्व कसरी पूरा गर्न सकिन्छ भन्ने विषयमा हामीले २०७२ वैशाख १२ पछिको ९ महिनाको अवधिमा ३ पटक स्टेसन प्रबन्धकहरूसित छलफल गरेका थियौँ भने त्यसै विषयमा स्थानीय तहमा बसी कार्यक्रम निर्माणमा संलग्न पत्रकारहरूलाई ४ पटक तालिम दियौँ र हरेक महिनाजसो एउटा जिल्लामा गएर कार्यक्रम निर्माण गर्न उनीहरूसितै फिल्डमा काम गरेका थियौँ ।

**अधिकारी :** सामान्यतया पुराना रेडियोहरूले सिकारुभन्दा पनि अनुभवी जनशक्ति भित्र्याउन प्राथमिकता दिन्छन् । कृष्णसार एफएमले अनुभवी रेडियोकर्मी लिँदा आफ्नो रेडियोको शैली, प्राथमिकता, गुणस्तर र सम्पादकीय नीतिबारे केही दिन अभ्यास गराएर मात्र काममा लाउने गरेको छ । तर, नयाँ रेडियो पत्रकार लिइयो भने उसलाई लामो अभ्यासमा राखिन्छ । समाचार संयोजक वा उसले खटाएको रेडियो पत्रकारको समीपमा रही उसले तोकिएको रिपोर्टिङलगायत खटाएको काम गर्छ । रेडियोको शैली र न्यूनतम गुणस्तर कायम गर्न सक्छ भन्ने विभागीय प्रमुखलाई लागेपछि मात्रै नयाँलाई जिम्मेवारी दिइन्छ । सामान्यतया नयाँ रेडियो पत्रकारलाई समाचार कक्षमा प्राविधिक सीप, रिपोर्टिङ

कला, सम्पादन कला, प्याकेजिङ लगायतका काममा सिकाएर मात्रै पूर्णरूपमा काममा लगाइने भएकाले उसलाई सिकाइका लागि अनुकूल वातावरण प्राप्त भएको हुन्छ। कतिपय अवस्थामा रेडियोलाई जनशक्ति आवश्यक पर्दा सोही अनुसार शुरूमा तालिमको आयोजना पनि गरिन्छ। उदाहरणका लागि कृष्णसार एफएमले महिला पत्रकारको सहभागिता बढाउन २०६८ सालमा महिला प्रशिक्षार्थीका लागि मात्रै तालिम चलाएको थियो। सो तालिमबाट उत्कृष्ट सहभागी छनोट गरी आवश्यकताअनुसार रेडियोमा भर्ना गरियो। त्यति बेला हामीले उत्पादन गरेका महिला पत्रकारहरू अहिले पनि विभिन्न रेडियोमा कार्यरत छन्।

☞ *रेडियो पत्रकारहरू भाषाको प्रयोग तथा अभिव्यक्तिमा संवेदनशील हुन नसकेको आरोप श्रोता तथा विज्ञहरूबाट बारम्बार लाग्ने गरेको छ? भाषा तथा आचारसंहितासम्बन्धी तालिमहरू पनि बेलाबेलामा हुने गरेको नै पाइन्छ। ती पर्याप्त नभएका हुन् कि प्रभावकारिता नदेखिएको हो?*

**गुरागाईं** : पर्याप्त र प्रभावकारी दुवै नभएको हो। भाषामा गम्भीर समस्या हुनुको पछि हाम्रा स्कूल, कलेज पनि उत्तिकै जिम्मेवार छन्। मुहान सफा नभएको ठाउँबाट आएको पानी सतहमा धमिलो देखिएजस्तै हो अहिलेको अवस्था। मिडियामा पुगेपछि मात्र भाषा सबैका लागि सार्वजनिक हुन्छ, त्यसैले पहिलेदेखि नै बिग्रिएको भाषा यहाँ आइपुगेपछि धमिलो देखिएको मात्र हो। किनभने, अन्त यो धमिलोपनको परख कसैले गर्न पाएको हुँदैन।

**अधिकारी** : रेडियोमा बोलिने समग्र भाषाको प्रयोग, उच्चारणमा समस्या छ। खास गरी यो पनि दक्षता र भाषिक ज्ञानको दायराले निर्धारण गर्ने कुरा हो। पुराना, पढेका र पत्रकारिताको गम्भीरता सम्झने खालका जनशक्तिबाट यसमा पूरा न्यायको कोसिस भएको देखिन्छ। अल्लारे, सिकारु र लहडमा आएका पत्रकारबाट यसमा न्याय हुन सकेको देखिँदैन। बिस्तारै आशा लाग्दा थिग्रने र टीठ लाग्दा बाहिरिने क्रमसँगै यो समस्या घट्दै गइरहेको म पाउँछु। राम्रा जनशक्ति पनि कहीँकतै पलायन भएका होलान् तर धेरैजसो रेडियोमा राम्रो गर्न नसक्नेहरूले नै छोडेको पाउँछु म। अर्को कुरा, रेडियोको भाषा र आचारसंहितासम्बन्धी तालिम पनि पर्याप्त मात्रामा भइरहेको छैन।

☞ *रेडियो स्टेसनहरू सित्तैमा प्राप्त हुने तालिममा आफ्ना पत्रकारलाई पठाए पनि उनीहरूको क्षमता अभिवृद्धिको लागि आफै लगानी गर्न अगाडि सर्दैनन् भन्ने आरोप छ, एउटा पत्रकारको क्षमता अभिवृद्धिका लागि तपाईं सम्बद्ध रेडियोले वार्षिक कति जति रकम लगानी गर्छ?*

*कस्तो तालिमका लागि लगानी गर्छ? तालिममा पठाउने जनशक्ति रेडियोले कसरी छनोट गर्छ?*

**गुरागाईं** : क्षमता अभिवृद्धिमा वार्षिक यति रकम खर्च हुन्छ भनेर विश्लेषण त गरिएको छैन, तर हामीले सञ्चालन गर्ने तालिम, अन्तर्क्रिया, हाम्रा पत्रकारहरूको अन्तर्राष्ट्रिय कार्यशालाहरूमा हुने सहभागिता सबै क्षमता अभिवृद्धिका लागि हुन्छन् र यी काममा हाम्रो कुल आम्दानीको सरदर दशदेखि बाह्र प्रतिशत रकम खर्च हुन्छ भन्ने हाम्रो अनुमान छ । तालिमका लागि हामी आफै धेरै खर्च गर्छौं र कतिपय अवस्थामा साझेदार खोज्छौँ । कुन विषयमा कसलाई कस्तो तालिम चाहिएको छ भन्ने कुरा हामीकहाँ नियमित रूपले विश्लेषण हुन्छ । यसका लागि स्टेसनको निर्देशकले मानव संसाधन हेर्ने जिम्मा लिनुभएको छ भने पत्रकारले पनि आफूलाई आवश्यक परेको सीप पहिचान गर्न र त्यसका लागि उपयुक्त तालिमको माग गर्न थालेका छन् । त्यसैका आधारमा हाम्रोमा काम गर्ने पत्रकारका लागि आवश्यक तालिमको योजना बनाइन्छ, आन्तरिक रूपमा आयोजना गर्न सकिने तालिमको सूची बनाइन्छ र साथसाथै वा विभिन्न संघ संस्थाहरूमा तालिमको अवसर खोजिन्छ र तालिमका लागि मानिसको छनोट गरिन्छ ।

**अधिकारी** : विभिन्न विषय र क्षेत्रका संघ संस्थासँग साझेदारी भइरहने हुनाले हामीलाई वर्षभरिमा थुप्रै तालिमका अवसर आउने गरेका छन् । नेपालगञ्जमै वा आसपासका जिल्लामा आयोजना हुने तालिमको निम्तो हामीलाई आउँछ । राजधानीमा हुने तालिमको निम्तो पनि उल्लेख्य आउँछ । यस्ता तालिम अधिकांश कार्यक्रम उत्पादनसम्बन्धी हुन्छन् । उत्पादन गृह, प्रसारक संघ र केही गैरसरकारी संस्थाहरूले पनि तालिममा निम्ता गर्छन् । मेरो अनुमानमा वर्ष भरिमा तालिमका लागि कम्तीमा दुई दर्जन जति निम्ता आउँछन् । कतिपय तालिम हाम्रा लागि त्यति आवश्यक छैन भन्ने लागेमा आवश्यक परेका अरू सहभागी हुन पाऊन् भनी हामी सिट ओगट्न मात्र जाँदैनौँ । उदाहरणका लागि माघ २०७२ तिर सामुदायिक रेडियो प्रसारक संघले बर्दियाको ठाकुरद्वारामा आयोजना गरेको रेडियो व्यवस्थापनसम्बन्धी तालिम महत्त्वपूर्ण हुँदाहुँदै पनि हामी सहभागी भएनौँ किनभने त्यहाँ हाम्रो सट्टा यो तालिमको आवश्यकता भएको अर्को रेडियोले मौका पाओस् भन्ने हामीले ठान्यौँ । अरू पनि यस्ता धेरै उदाहरण छन् ।

तालिममा सहभागी छनोट गर्दा हामीले आफ्नो रेडियोको आवश्यकता, विषयको सान्दर्भिकता र जनशक्तिको रुचिलाई ध्यान दिने गरेका छौँ । यसो गर्दा सबैले समान अवसर पाऊन् भन्ने कुरा पनि ख्याल गरिन्छ । सहभागिताका लागि तोकिएको पद र योग्यतालाई

पनि सहभागी छनोट गर्ने बेलामा ध्यान दिइन्छ । स्टेसनलाई आवश्यक परेका सीप सिक्न रेडियोकर्मीले चाहेमा वा अनुरोध गरेमा स्टेसनले तालिममा पठाउने व्यवस्था गर्ने गरेको छ ।

रेडियोले आफ्नै पहलमा पनि बेलाबेलामा आन्तरिक अभिमुखीकरण तालिम आयोजना गर्छ । रेडियोका विभिन्न विभागका संयोजक र मातहतका कर्मचारीसँगको परामर्शका आधारमा त्यस्ता आन्तरिक तालिमको आवश्यकता निर्धारण गरिन्छ । विभागीय कार्यसम्पादनका सबलता र कमजोर पक्षलाई पनि आवश्यकता निर्धारणको आधार बनाइन्छ । पछिल्लो पटक २०७२ मा कृष्णसार एफएमले सिर्जनशील कार्यक्रम उत्पादनको "इनहाउस" तालिम आयोजना गरेको थियो । रेडियोकर्मीहरूसँग फिल्डमै गएर सीप सिकाउने प्रयास गरिएको थियो । आन्तरिक तालिममा प्रायःआफ्नै जनशक्ति प्रयोग हुने भएकोले क्षमता विकासका लागि भनी तोकेरै वार्षिक बजेटको व्यवस्था गर्ने गरिएको त छैन तर तालिमको आवश्यकता र अवसर हेरेर खर्च व्यवस्थापन चाहिँ गर्ने गरिएको छ । तालिममा बाहिर पठाइने कर्मचारीको उक्त अवधिभरको तलवी विदा व्यवस्था गरिदिने, स-शुल्क तालिम हो भने सो प्रशिक्षण शुल्क तिरिदिने, यातायात र आवास खर्च व्यहोर्ने काम रेडियोले गर्छ । उदाहरणका लागि स्थापना कालमा कृष्णसार एफएमले कम्प्युटर चलाउन नजान्ने कर्मचारीहरूका लागि कम्प्युटर कक्षाको शुल्क तिरिदिएको थियो ।

☞ *दातृ संस्थाहरूले तालिम दिने नाउँमा ठूलो धनराशी खर्च गरेर पनि त्यसको उपलब्धि लगानीको अनुपातमा निकै नगण्य देखिने गरेको छ, त्यस्तो स्रोतलाई कसरी बढीभन्दा बढी प्रभावकारी बनाउन सकिएला? नेपालको सन्दर्भमा कस्ता खालका तालिममा दाताको चासो रहेको पाउनुहुन्छ?*

**गुरागाईं** : तालिममा विभिन्न संघसंस्थाले गरेको लगानी समन्वयात्मक रूपले गर्ने हो भने अहिले भैरहेको भन्दा बढी प्रभावकारी हुन्छ भन्ने मलाई लाग्छ । दाताको चासो भनेको धेरै जसो आफूले गरिरहेका कामको प्रचारप्रसार होस् भन्नेमा नै सीमित भएको हो कि भन्ने भान हुन्छ जबकि रेडियो जस्तो आमसञ्चारको माध्यमलाई स्वतन्त्र रूपले विषय चयन गर्ने, त्यसलाई श्रोताको आवश्यकता र चाहनाअनुसार सामग्री तयार पार्न सिकाउने खालका तालिमको आवश्यकता छ । कुनै परियोजना वा कार्यक्रमको विशुद्ध प्रचारप्रसार त विज्ञापनमार्फत गर्दा नै पुगिहाल्छ ।

**अधिकारी** : दातृ संस्थाहरूले दिने तालिमको लक्षितबाहेक अर्को मुख्य उपलब्धि भनेको भिन्नभिन्न क्षेत्रका रेडियोकर्मीहरूबीच अनुभव र सीप आदानप्रदान गर्ने मौका जुराउनु हो । यसो गर्दा राम्रा कुराको सिकाइ पनि हुन्छ र नयाँ उर्जा पनि मिल्छ भन्ने मलाई लाग्छ । यस्ता

तालिम परियोजनाकेन्द्रित भएकाले रेडियोको आवश्यकताकेन्द्रित मात्रै बनाउने अपेक्षा गर्नु स्वाभाविक हुँदैन जस्तो लाग्छ । त्यसैले व्यावसायिक रूपमा रेडियो तालिम दिने स्थायी प्रकृतिका संस्थाहरू स्थापना नभएसम्म यो विषयमा सुधार हुन सक्तैन । हो, हाल नेपालका जे जति क्षेत्रमा दाताहरूले काम गरेका छन् तिनको सानो अंशका रूपमा रेडियो कार्यक्रम वा तालिम हुने भएकाले त्यही उद्देश्य पूरा गर्ने नै हो । दाताहरूले धेरैजसो तालिमहरू मानव अधिकारका विविध पाटा, सेवा प्रवाह, पारदर्शिता, महिला तथा बालबालिका स्वास्थ्य, संस्थागत सुशासन लगायतका विषयमा गर्ने गरेका छन् ।

पुराना रेडियो पत्रकारलाई अब कार्यक्रम उत्पादनको तालिमको कमी रहेन । मेरो अनुमानमा दुई वर्ष काम गरेको एउटा रेडियोकर्मीले कम्तीमा पाँच ओटासम्म यस्ता तालिम पाएको हुनुपर्छ । तर, नव प्रवेशीहरूलाई प्राविधिक रूपमा राम्रो कार्यक्रम उत्पादनको सीप सिकाउने तालिम, समाचार वा कार्यक्रमको प्याकेजिङसम्बन्धी तालिम, रेडियो कार्यक्रम र तिनको प्रभाव वा उपलब्धिको अभिलेखीकरण गर्नेबारेका तालिम चाहिएका छन् । किनभने रेडियोको काम अहिले "हिँड्दैछ पाइला मेट्दैछ" भन्ने नेपाली उखान जस्तो भएको छ । यसका साथै रेडियोको वार्षिक कार्ययोजना निर्माण, बजारीकरण नीति निर्माण, जनशक्ति व्यवस्थापन तथा लैंगिक समावेशीकरण नीति तर्जुमा, सकारात्मक सन्देश प्रवाहका लागि सचेत बनाउने अभिमुखीकरणका तालिम चाहिएका छन् । तालिम प्राप्त रेडियो पत्रकारहरूको पलायनले पनि तालिमको प्रभावकारिता नदेखिएको हुनसक्छ । तसर्थ तालिमका अलावा रेडियो पत्रकारहरूको स्थायित्वका लागि पनि रेडियो स्टेसनलगायत सम्बन्धित निकायले न्यूनतम तलबलगायतका सुविधाका लागि आवश्यक पहल गर्नुपर्नेछ । रेडियो स्टेसनको व्यवस्थापन कमजोर र अदक्ष हुनाले धेरै रेडियोमा लक्षित र गुणस्तरीय कार्यक्रम उत्पादन हुन सकेका छैनन् । रेडियोकर्मीहरूले सही ढंगले पत्रकारिताको अभ्यास गर्न पाएका छैनन् ।

☞ *रेडियो पत्रकारिताको तालिममा पनि धेरैजसो छापा पत्रकारितामा लामो अनुभव भएका वा त्यसका प्रशिक्षकहरू नै हावी देखिन्छन्, यसो हुनुको कारण के होला? त्यसले रेडियो पत्रकारको सिकाइमा कुनै प्रभाव परेको छ कि?*

**गुरागाईं** : छापामाध्यम लामो समयदेखि चलेकोले त्यहाँ छापामा काम गरेको लामो अनुभव भएका पत्रकारहरू हुन्छन् । त्यसैले, अहिले पनि प्रशिक्षक छान्दा नाम चलेका छापाका पत्रकार छान्ने चलन छ । पत्रकारको सिकाइमा पारेको प्रभाव नकारात्मक नभए पनि रेडियोमा यसको नराम्रो प्रभाव परेको छ । सबैभन्दा नराम्रो प्रभाव के हो भने रेडियोमा काम गर्ने पत्रकार बोलीचालीको हैन, छापाको भाषा लेख्छन् र त्यसैलाई पाठ गर्छन्, जबकि रेडियो बोलीचालीको भाषा प्रयोग गर्नुपर्ने माध्यम हो । अथवा, छापाले आँखाको

भाषा खोज्छ भने रेडियोले कानको भाषा खोज्छ, जुन अहिले पनि रेडियोमा स्थापित हुन सकेको छैन । फलस्वरूप रेडियोले अहिलेसम्म आफ्नो भाषा नै पाउन सकेको छैन । एउटा माध्यमले भाषा नपाउनु, त्यो पनि दशक बितिसक्दा! मलाई अहिले पनि यो रेडियोको समाचार कक्षको सबैभन्दा ठूलो समस्या लाग्छ ।

**अधिकारी** : रेडियो पत्रकारिताको तालिमका लागि नियमित रूपमा रेडियो प्रशिक्षक प्रशिक्षण तालिम हुनुपर्ने हो । यसो हुनसकेको छैन । अनि रेडियोमा तालिम दिन सक्ने नयाँ प्रतिभाहरूको पहिचान वा खोजीका लागि पनि कहीँ कतै पहल भएको देखिँदैन जसका कारण रेडियो पत्रकारितामै लामो अनुभव भएका वा यही विषय पढेका वा स्तरीय तालिम लिएका थोरै प्रशिक्षकबाहेक ठूलो संख्या छापा माध्यममा क्रियाशील वा आयोजकका नजिकका जो पनि प्रशिक्षक भएको देखिन्छ । रेडियोका प्रशिक्षकहरूको क्षमता पहिचान गरी रोष्टर बनाएर परिचालन गरिएको छैन । राजधानीबाट हालसम्म कुनै पनि संस्थाले प्रशिक्षकहरूको रोष्टर बनाउनका लागि खुला आवेदन गरेको मलाई जानकारी छैन । झन् बाहिर त हुने कुरै भएन । यसरी खुला छनोटका लागि सार्वजनिक सूचनाहरू नगरिने हुँदा झट्ट सम्झनामा आउने वा आफ्नो नजिक जो छ उसैलाई प्रशिक्षक छनोट गरेको देखिन्छ । रेडियो पत्रकारिताकै अभ्यासले खारिएका प्रशिक्षक धेरै परिचालन गर्न नसक्दा प्रशिक्षार्थीले लिनसक्ने जति फाइदा पाउन सकेको देखिँदैन ।

☞ *एउटा दक्ष रेडियो प्रशिक्षकमा के कस्ता योग्यता र क्षमता हुनुपर्छ? हामी कहाँ प्रशिक्षकले रेडियो तालिमका सिलसिलामा कुन कुन विधि अपनाएको पाउनुहुन्छ? कुन विधि प्रयोग गर्दा रेडियो पत्रकारिता तालिम बढी प्रभावकारी हुनसक्छ वा देखिएको छ?*

**गुरागाईं** : यो माध्यमसित धेरै प्राविधिक कुरा र सीप पनि जोडिएकाले रेडियो प्रशिक्षकसित सैद्धान्तिक र व्यावहारिक दुवै खाले ज्ञान र सीप हुनुपर्छ भन्ने मलाई लाग्छ । सिकाउने क्षमता त अनिवार्य हुने नै भयो । हाल भइरहेका तालिमका विधिहरू धेरै हदसम्म सैद्धान्तिक छन् र तिनले क्लासरुम विधि अँगालेका छन् । तर सैद्धान्तिक र प्रयोगात्मक दुवैलाई मिसाएर गरिएको तालिमबाट मात्र सहभागीले सिक्न पाउँछन् भन्ने हाम्रो अनुभव छ ।

**अधिकारी** : यो प्रश्नको तथ्यपरक उत्तर दिन अप्ठेरो छ । तैपनि मेरो विचारमा एउटा दक्ष रेडियो प्रशिक्षकमा हुनुपर्ने मुख्य योग्यता भनेको सैद्धान्तिक र व्यावहारिक ज्ञान नै हो । प्रशिक्षार्थीहरूको स्तर र रुचिअनुसार आफूलाई प्रस्तुत गर्नसक्ने क्षमता पनि प्रशिक्षकमा हुनुपर्छ । हामीकहाँ धेरैजसो तालिम सुनाउने र सुन्ने किसिमका हुन्छन् । अझ पावर

प्वाइन्ट प्रस्तुतिहरू त एकपटक बनाएपछि जहाँ पनि र जुन तहका प्रशिक्षार्थीबीच पनि त्यही प्रयोग भइरहेको पाइन्छ । यद्यपि पछिल्ला समयमा थोरै भए पनि अन्तर्क्रियामुखी तथा सहभागितामूलक प्रशिक्षण हुन थालेका छन्, यो खुशीको कुरा हो । मेरो विचारमा तालिममा प्रशिक्षकले सहभागीहरूलाई बढीभन्दा बढी छलफल, प्रस्तुति गराउन लगाएर उनीहरूको आवश्यकता र स्तरअनुसार आफूलाई पस्कँदै तथा परिमार्जन गर्दै लैजानु पर्छ ।

☞ *तालिम दिने संस्थाहरूसँग आवश्यक रेकर्डिङ स्टुडियोलगायतका भौतिक पूर्वाधारको समग्र अवस्था कस्तो देख्नुहुन्छ? प्रशिक्षार्थीहरूलाई इन्टर्नसीपका लागि रेडियो स्टेसनमा काम गर्नुपर्ने अवस्थामा स्टेसनको सहयोग कस्तो रहने गरेको छ?*

**गुरागाईं** : तालिम दिने संस्थाले रेडियोको कुरा गर्न माइक्रोफोन र कम्प्युटर राखेकोसम्म देखिन्छ । अरू देशमा रेडियो तालिमका लागि स्टुडियो, ल्याब, सम्पादन कक्ष, क्लास रुम, दक्ष र अनुभवी प्रशिक्षक, आवश्यकता अनुसारको कोर्ष जस्ता पूर्वाधार उपलब्ध हुन्छन्, हामीकहाँ त्यसको छेउ टुप्पो केही छैन ।

इन्टर्नसीपका लागि रेडियोमा आउने धेरै प्रशिक्षार्थी यहाँ सिक्न भनेर आएका हुँदैनन्, इन्टर्नसीपमा पाइने नम्बरका लागि आउँछन् । नम्बर मात्रै चाहिने मानिसलाई पनि रेडियोले सहयोग गरेकै छन् । सिक्नेलाई त जागिरै दिएर राखेका पनि छन् ।

**अधिकारी** : नियमित रूपमा व्यावसायिक तालिम दिने संस्था नभएकाले सबै पूर्वाधार उपलब्ध हुने कुरै भएन । बरु प्रशिक्षार्थीहरूलाई इन्टर्नसीपको लागि मौका दिने, स्टुडियो, रेकर्डर र कम्प्युटरलगायत सामग्री हामीले उपलब्ध गराइदिएका छौँ । यस्ता काममा हाम्रो स्टेसनको पूरा साथ र सहयोग रहने गरेको छ । आगामी दिनमा पनि रहन्छ । इन्टर्नसीपको मौका दिएर मात्र पनि हुँदो रहेनछ । इन्टर्नसीपमा आएकाहरूलाई सिकाउने छुट्टै मेन्टर चाहिन्छ । नत्र स्टेसनमा भएका सीमित जनशक्ति आफ्नो काममा व्यस्त हुनुपर्दा इन्टर्नसीपमा आएकाहरूलाई स-सानो कुरा पटकपटक सिकाइरहन झिँजो मान्ने रहेछन् । यसले सिकाई प्रक्रियामा समस्या ल्याउँछ । पत्रकारिता विषयमा प्लस टु गरेका केही विद्यार्थीलाई र केही नयाँ पत्रकारलाई कृष्णसार एफएममा इन्टर्नसीप गराउँदा हामीले यस्तै समस्या भोगेका छौँ। त्यसैले इन्टर्नसीपको व्यवस्था गर्दा काम गर्ने संस्थामा तिनको मेन्टरिंङका लागि छुट्टै जनशक्ति व्यवस्था गर्न सकियो भने उनीहरूको सिकाइ प्रभावकारी बनाउन सकिन्छ । इन्टर्नहरूलाई काममा लाउने, सुझाव दिने उसको प्रगति परख गर्ने सबै काम मेन्टरले गर्न सक्छ ।

☞ *धेरै जसो तालिम दिने संस्थाहरू प्रायः काठमाडौँमा नै केन्द्रित छन् । काठमाडौँबाहिरका रेडियो पत्रकारका लागि स्तरीय तालिम आयोजना गर्न के कस्ता चुनौतीहरू छन्?*

**गुरागाईं** : पहिलो चुनौती त आर्थिक स्रोत नै हो । दोस्रो चुनौती काठमाडौँबाहिर राम्रोसित प्रशिक्षण दिने स्थानीय प्रशिक्षकको अभाव हो । बल्ल बल्ल यी दुई जुटाउने हो भने पनि तालिमका लागि चाहिने हल, उपकरण तथा तालिम सहायताको लागि चाहिने सामग्री जुटाउन समस्या छ । छोटा खालका टापटिपे तालिममा सहभागी हुने बानी परेकाले अलि सहभागितामूलक स्तरीय तालिममा बस्दा सहभागीहरूलाई पनि शुरूशुरूमा निकै झिँजो लाग्दो रहेछ । त्यसैले, रेडियोमै काम गर्नका लागि स्तरीय तालिममा बस्न रुचाउने सहभागीको अभाव पनि अबका दिनमा चुनौती भएर आउने देखिएको छ ।

**अधिकारी** : प्रशिक्षकहरू काठमाडौँबाटै ल्याउने प्रचलन भएकाले आयोजकका लागि आउँदा बढी खर्च हुन्छ । काठमाडौँबाहिर कम खर्चमा तालिम आयोजना गर्न सम्बन्धित क्षेत्रमा भएका जनशक्ति प्रयोग गर्नसके सस्तो पर्थ्यो । तर एक त यहाँ पत्रकारिताको उच्च अध्ययन गरेका, अनुभवी र व्यावहारिक सीप सिकाउन सक्ने दक्ष प्रशिक्षकको अभाव र भएका जनशक्तिले पनि अवसर नपाउँदा काठमाडौँबाहिर स्तरीय किसिमका तालिम कम हुने गरेका छन् । अर्कोतर्फ काठमाडौँबाहिर तालिमका लागि आवश्यक पूर्वाधार र स्रोतसाधन जुटाउन पनि सहज छैन ।

☞ *सरकारले जारी गरेको राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने प्रावधान छ, यस्तो खालको निकायले दक्ष रेडियो पत्रकार उत्पादनका लागि कसरी सहयोग गर्न सक्छ?*

**गुरागाईं** : सरकारले वा निजी क्षेत्रले मात्र खडा गरेको कुनै पनि यस्तो संरचनाले न सरकारको चाहना, न त निजी क्षेत्रको आवश्यकता पूरा गर्छ । यसमा स्वामित्वदेखि सञ्चालनसम्ममा दुवैको हिस्सेदारी भयो भने मात्र केही समस्या समाधान हुन सक्लान् ।

**अधिकारी** : रेडियो पत्रकारहरूको दक्षता अभिवृद्धिका लागि विभिन्न पाठ्यक्रमका साथ तालिम सञ्चालन गर्ने कुनै निकाय नभएको अवस्थामा यस्ता निकायको गठन आफैमा ठूलो उपलब्धि हुनेछ । तर, यस्ता संस्थाले रेडियोकर्मीसँगको परामर्शका आधारमा आधारभूतदेखि लिएर विशिष्टीकृत र गहन खालका तालिमको पाठ्यक्रम बनाउने, नियमित रूपमा पारदर्शी र समावेशी आधारमा सहभागी छनोट गर्ने र व्यावहारिक सीप सिकाउने काम गर्नुपर्छ ।

यसका साथै राम्रा रेडियोकर्मीलाई उचित प्रोत्साहनका कार्यक्रम पनि दिनुपर्छ । अनुभव आदानप्रदानका लागि समेत "एक्सपोजर भिजिट" गराउन सकिन्छ । सबभन्दा मुख्य कुरा रेडियोकर्मीलाई कस्तो खालको तालिम चाहिएको छ सोबारे उनीहरूबीच सर्वेक्षण वा आवश्यकता मूल्यांकन र सोही अनुसारका तालिम पाठ्यक्रम तयार गरी दक्ष रेडियो पत्रकार उत्पादन गर्न सकिन्छ ।

☞ *तुला अधिकारीजी, तपाईं आफै सामुदायिक रेडियोहरूको छाता संगठन अकोराबको केन्द्रीय कार्यसमितिमा रहेर काम गरिसक्नुभएको छ । रेडियो पत्रकारको क्षमता अभिवृद्धिका लागि अकोराबले कस्तो पहलकदमी लिइरहेको छ? यसतर्फ भावी दिनमा यसले के भूमिका खेल्नु पर्छ र कस्तो योजना बनाइरहेको छ?*

**अधिकारी :** सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) ले स्थापनाको शुरूका वर्षमा प्राविधिक सहयोग र रेडियो स्थापना नभएका जिल्ला वा क्षेत्रमा सामुदायिक रेडियो स्थापनामा जोड दिएको थियो । पछिल्लो समयमा सबै जिल्लामा एक वा सोभन्दा बढी रेडियो स्थापना भैसकेपछि अकोराबले सदस्य रेडियोहरूको क्षमता विकास र गुणस्तर अभिवृद्धिमा आफ्ना गतिविधि केन्द्रित गर्नथालेको छ । अकोराबको अबको मुख्य प्राथमिकता भनेकै रेडियो सञ्चालक, रेडियो पत्रकार र समग्र रेडियोकर्मीको क्षमता तथा रेडियोको सामग्रीको गुणस्तर वृद्धिका लागि अगुवाइ गर्ने रहेको छ । अकोराबको वार्षिक साधारण सभाले नै पारित गरेको कार्यदिशा यही हो । यसका लागि मुख्य रूपमा एफएम रेडियोहरूलाई आवश्यक रहेका तालिमको पहिचान गरी त्यस अनुसारको तालिम प्रदान गर्न अकोराबले पहल गरिरहेको छ । विषयगत तालिम २०७०/७१ सालदेखि शुरू भएका पनि छन् ।

नेपालमा रेडियो पत्रकारिता दुई दशक पुग्न लाग्दा पनि यसको उपलब्धि "डकुमेन्टेसन" गर्ने र हालसम्मको सीप र अनुभवलाई हस्तान्तरण गर्ने काम गर्न सकिएको छैन । तसर्थ, अकोराबले देशभरका रेडियोहरूको प्रभावबारे अध्ययन थाल्ने र रेडियोकर्मी तथा रेडियो पत्रकारहरूको अनुभव, सीप, दक्षतालाई नयाँ पुस्तामा हस्तान्तरण गर्न परिणाममुखी कदम चाल्न ढिलो भैसकेको छ । बीबीसी मिडिया एक्सनसँग मिलेर अकोराबले सामाजिक बजारीकरण, प्राविधिक क्षमता विकास लगायतका विषयगत तालिम दिन शुरू गरिसकेको छ । यद्यपि सबै सदस्य रेडियोहरूलाई यस्ता तालिम पुगेको छैन । तालिम चाहिएका सबै रेडियोलाई तालिम दिनुपर्ने दायित्व छ । यस्ता तालिम दिंदा खुला रूपमा आवेदन आह्वान गरी प्रशिक्षकहरूको रोष्टर बनाउनु आवश्यक छ । यसो गर्दा सामुदायिक रेडियोमा

कार्यरत योग्य र दक्ष प्रशिक्षकहरूले पनि अवसर पाउने छन् भने पारदर्शी रूपमा उनीहरूको परिचालन गर्न सजिलो हुनेछ ।

## प्रस्तोता परिचय

मार्टिन चौतारीका अनुसन्धानकर्ता देवराज हुमागाईंको सह-लेखन र सह-सम्पादनमा मिडियासम्बन्धी नौ ओटा पुस्तक प्रकाशित छन् । रेडियोसम्बन्धी नीतिगत पक्ष, विकासक्रम एवं कार्यक्रमका विषयवस्तु विश्लेषणसहित नेपाली मिडियाका विविध पाटाबारे उनका थुप्रै अनुसन्धानात्मक लेख प्रकाशित छन् । इमेल ः devrajhumagain@gmail.com